# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# RASTRIYA BEEMA COMPANY LIMITED
(नेपाल सरकारको स्वामित्व प्राप्त)
प्रधान कार्यालय रामशाहपथ, काठमाडौं
E-mail : info@rbcl.gov.np, Website: www.rbcl.gov.np

फोन नं. : ०१-५३५८८६६
फ्याक्स : ०१-५३५८७२१
पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.१६।२०८३।८४

मिति : २०८३/०५/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, काठमाण्डौं ।

**विषय : साधारण सभा बस्ने प्रयोजनार्थ शेयर दाखिला, खारेज बन्द गरिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८३ भाद्र ८ गते साँझ ७:३० बसेको सञ्चालक समितिको ५२८ औं बैठकको निर्णयानुसार राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण स्वीकृत गर्ने कार्यक्रम सहित चौथो वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । साथै उक्त साधारणसभा बस्ने प्रयोजनार्थ मिति २०८३/०५/१८ गते कम्पनीको शेयर दाखिला, खारेज बन्द हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

**साधारणसभा बस्ने मिति, समय र स्थानमा :**

मिति : २०८३/०६/०२ गते शुक्रबार (तदनुसार सेप्टेम्बर १८, २०२६)
समय : बिहान ११:०० बजे
स्थान: अनमोल क्याटरिङ्ग सर्भिस प्रा.लि, शंखमूल, काठमाडौं

कविता लामा
कम्पनी सचिव

बोधार्थ :
१. श्री नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
४. श्री एनआईएमबि एस क्यापिटल लिमिटेड, लाल्जिमपाट, काठमाडौं ।
संलग्न : उपरोक्त अनुसार

# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व प्राप्त)
रा.बी.क.भवन, रामशाह पथ, काठमाडौं
फोन.न.५३५८८६६, फयाक्स न.५३५८७२१
Email : info@rbcl.gov.np . Website : www.rbcl.gov.np


## चौथो वार्षिक साधारण सभा सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति :२०८३/०५/०९)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३/०५/०८ गते सोमबारका दिन बसेको ५२८ औं बैठकको निर्णयानुसार राष्ट्रिय बीमा कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, स्थान र समय**

मिति: २०८३ साल असोज २ गते, शुक्रबार (तदनुसार सेप्टेम्बर १८, २०२६) ।
समय: बिहान ११:०० बजे देखि ।
स्थान: अनमोल क्याटरिङ्ग सर्भिस प्रा.लि, शंखमूल, काठमाडौं ।

**२. छलफलका विषयसूची :**

**क. सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने ।

(३) महालेखापरीक्षक कार्यालयको परामर्श बमोजिम सञ्चालक समितिबाट आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ का लागि नियुक्त लेखापरीक्षकको नियुक्ति एंव पारिश्रमिक समर्थन गर्ने ।

(४) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप जानकारी :**

(१) साधारण सभा प्रयोजनको लागि मिति २०८३/०५/१८ गते राष्ट्रिय बीमा कम्पनीको शेयर दर्ता किताब बन्द रहने छ । मिति २०८३।०५।१७ गतेसम्म धितोपत्र विनियम बजारमा भएको शेयर कारोबारको दाखिला खारेजको लागि ७ कार्य दिनभित्र कम्पनीको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाटस्थित कार्यालयमा प्राप्त शेयर नामसारीका आधारमा शेयरधनी किताबमा कायम शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन पाउनुहुनेछ ।

(२) साधारण सभा सम्बन्धी थप जानकारीका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रधान कार्यालय वा कम्पनीको सूचनापाटी तथा कम्पनीको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाट स्थित कार्यालयबाट जानकारी लिन सकिनेछ । सो सम्बन्धी सूचना तथा प्रतिवेदन कम्पनीको वेवसाईट www.rbcl.gov.np बाट पनि हेर्न तथा प्राप्त गर्न सकिनेछ ।

(३) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा शेयर प्रमाणपत्र वा हितग्राही खाताको विवरण वा शेयरधनीको परिचय खुल्ने फोटो सहितको आधिकारीक प्रमाण (राष्ट्रिय परिचयपत्र, नागरिकता, सवारी चालक अनुमतिपत्र वा कार्यरत कार्यालयको परिचयपत्र) साथमा लिई आउनु पर्नेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा उपस्थिति जनाउन चाहने शेयरधनी महानुभावहरुले साधारण सभा हुने मिति भन्दा कम्तीमा ७२ घण्टा अगावै राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाट, काठमाडौं स्थित कार्यालयमा कार्यालय समय भित्रै प्रतिनिधि ( प्रोक्सी) पत्र दर्ता गराई सक्नु पर्नेछ ।

(५) प्रतिनिधि (प्रोक्सी) का रुपमा नियुक्त हुने व्यक्ति राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयरधनी हुनुपर्नेछ । तोकिएको मिति र समयमा बस्ने साधारण सभाका लागि भनि तोकिए बमोजिमको ढाँचामा प्रतिनिधि नियुक्त गरेको हुनुपर्नेछ ।

(६) एकजना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।

(७) संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट कम्पनीको साधारण सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नुपर्नेछ ।

(८) नाबालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीको हकमा शेयर लगत किताब अनुसार संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछ ।

(९) साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा राखिएको उपस्थिति पुस्तिकामा अनिवार्य रुपमा हाजिरी जनाउनु पर्नेछ । उपस्थिति पुस्तिका साधारण सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ । तोकिएको समयमा उपस्थिति पुस्तिकामा हाजिर नभएका शेयरधनी महानुभावहरुले साधारण सभामा सहभागी हुन पाउने छैनन् ।

(१०) तोकिएको समयमा शेयरधनी महानुभावहरुले सभामा आफ्नो मन्तव्य राख्न पाउने छन् । शेयरधनी महानुभावहरुले राखेको टिप्पणी उपर अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।

(११) सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै साधारण सभा स्थलमा कुनै पनि प्रकारको झोला तथा पोका लगायत वस्तुहरु ल्याउन पाइने छैन । साधारण सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले साधारण सभामा उपस्थित हुने महानुभावहरुको सुरक्षा जाँचको कार्य गर्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

(१२) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको प्रधान कार्यालयमा रहेको सञ्चालक समितिको सचिवालयमा सम्पर्क राख्न सकिनेछ ।